नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६९) काठमाडौं, साउन १६ गते, २०७६ साल (अतिरिक्ताङ्क ८

भाग ३

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

सार्वजनिक खरिद (आठौं संशोधन) नियमावली, २०७६

सार्वजनिक खरिद नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "सार्वजनिक खरिद (आठौं संशोधन) नियमावली, २०७६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ङ. मा संशोधन</u> : सार्वजनिक खरिद नियमावली, २०६४ (यस पछि "मूल नियमावली" भनिएको) को नियम ३१ङ. को उपनियम (१) मा रहेका "दुई अरब" भन्ने शब्दहरूको सट्टा "एक अर्ब" भन्ने शब्दहरू राखिएका छन् ।

३. <u>मूल नियमावलीको नियम ६५ मा संशोधन</u> : मूल नियमावलीको नियम ६५ को उपनियम (४) पछि देहायका उपनियम (४क), (४ख), (४ग), (४घ), (४ङ), (४च) र (४छ) थपिएका छन् :-

"(४क) मूल्याङ्कन समितिले ऐनको दफा २५ बमोजिम बोलपत्र मूल्याङ्कन गर्दा बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए बमोजिम कुनै सार्वजनिक निकाय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता त्यस्तो निकाय वा आयोजनालाई आवश्यक पर्ने हदसम्म त्यस्तो बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता थप कार्यको लागि गणना हुने छैन ।

(४ख) उपनियम (४क) को प्रयोजनको लागि कुनै सार्वजनिक निकाय वा आयोजनामा प्रयोगमा रहेको बोलपत्रदाताको आर्थिक तथा प्राविधिक क्षमता मध्ये त्यस्तो सार्वजनिक निकाय वा आयोजनालाई आवश्यक पर्ने हदसम्मको विवरण सो निकाय वा आयोजनाबाट लिई बोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजात साथ पेश गर्नु पर्नेछ ।

(४ग) बोलपत्रदाताले आफूले गरेको अधिकतम कारोबार भएका कुनै तीन आर्थिक वर्षको निर्माण कार्यको वार्षिक कारोबार रकमको औसत वार्षिक कारोबार (टर्न ओभर) रकमको बढीमा सात गुणाले हुन आउने रकम सम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मूल्याङ्कनको आधारको रुपमा लिनु पर्नेछ । यसरी तीन आर्थिक वर्षको वार्षिक कारोबार गणना गर्दा तत्काल अघिको दश आर्थिक वर्ष भित्रबाट गणना गर्नु पर्नेछ ।

(४घ) उपनियम (४ग) बमोजिम वार्षिक कारोबार रकमको सात गुणाले हुन आउने रकम गणना गर्दा बोलपत्रदाताको चालु ठेक्काको लागि वार्षिक दायित्व रकम घटाएर मात्र यकिन गर्नु पर्नेछ ।

(४ङ) यस नियमको प्रयोजनको लागि बोलपत्रदाताले आर्थिक तथा प्राविधिक क्षमता सम्बन्धमा स्वयं घोषणा गरी बोलपत्र सम्बन्धी कागजात साथ विवरण पेश गर्नु पर्नेछ । यसरी पेश भएको विवरण झुट्टा ठहरेमा निजले पेश गरेको बोलपत्रलाई मूल्याङ्कन प्रकृयाबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

(४च) बोलपत्रदाताको पछिल्लो आर्थिक वर्षको वासलातमा खुद दायित्व भन्दा सम्पत्ति बढी भएको र सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको ढाँचामा क्रेडिट लाईनको सुविधा उपलब्ध भएको हुनु पर्नेछ ।

(४छ) उपनियम (४क), (४ख), (४ग), (४घ), (४ङ) र (४च) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो

नियम प्रारम्भ हुनु अघि मूल्याङ्कन प्रकृयामा रहेका बोलपत्रको हकमा यो नियम प्रारम्भ हुनु अघि कायम रहेको व्यवस्था बमोजिम हुनेछ ।"

४. <u>मूल नियमावलीको नियम १०१ मा संशोधन</u> : मूल नियमावलीको नियम १०१ को उपनियम (१) मा रहेका "साठी लाख रुपैयाँ" भन्ने शब्दहरूको सट्टा "दुई करोड रुपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

५. <u>मूल नियमावलीको नियम १०४ मा संशोधन</u> : मूल नियमावलीको नियम १०४ को उपनियम (१) मा रहेका "०.१ (शुन्य दशमलब एक) प्रतिशतले" भन्ने शब्दहरूको सट्टा "एक प्रतिशतले" भन्ने शब्दहरू राखिएका छन् ।

६. <u>मूल नियमावलीको नियम १२० मा संशोधन</u> : मूल नियमावलीको नियम १२० को उपनियम (६) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छ :-

"तर संवत् २०७६ साल जेठ २३ गते अघि खरिद सम्झौता भई कार्य सम्पन्न हुन नसकी उपनियम (१क) बमोजिम म्याद थपको लागि निवेदन परेका सम्झौताको हकमा प्राविधिक प्रतिवेदन समेतका आधारमा कार्य प्रगति र बाँकी कार्यको विश्लेषण गरी म्याद थप गर्दा सम्झौता बमोजिम कार्य सम्पन्न हुन सक्ने देखिएमा सार्वजनिक निकाय वा आयोजनालाई थप आर्थिक व्ययभार नपर्ने गरी यो उपनियम प्रारम्भ भएपछि सम्बन्धित मन्त्रालय वा निकायको विशिष्ठ श्रेणी वा सो सरहको अधिकृतले बढीमा एक वर्षको

लागि म्याद थप गर्न सक्नेछ । यसरी म्याद थप गरिएको अवधिभित्र समेत सम्झौता बमोजिम काम सम्पन्न नगर्नेको हकमा कार्य सम्पादन जमानत तथा अन्य कुनै जमानत वा धरौटी राखेको भए सो समेत जफत गरिनेछ र त्यसरी काम सम्पन्न नभएको कारणबाट हुन गएको हानी नोक्सानी समेत प्रचलित कानून बमोजिम असुल उपर गरी निजलाई कालो सूचीमा राखी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।"

आज्ञाले,
डिल्लीराज घिमिरे
नेपाल सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३